# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)

## Securities Board of Nepal

(Established by the Government of Nepal under Securities Act)


# प्रेश विज्ञप्ति

**प्रत्यक्ष नियमनकारी निकाय नभएको कम्पनीहरुका हकप्रद तथा एफपिओको नीतिगत व्यवस्था सम्बन्धमा ।**

धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम ७ को उपनियम ६ मा बैंक, वित्तीय संस्था वा बीमा कम्पनी बाहेकका अन्य सार्वजनिक निष्काशन गर्ने संगठित संस्थाहरुले सार्वजनिक निष्काशन गर्दा पूरा गर्नुपर्ने मापदण्डहरु उल्लेख भएतापनि हकप्रद शेयर निष्काशन तथा फर्दर पब्लिक इस्यू सम्बन्धमा आवश्यक मापदण्डहरु उल्लेख नभएको हुँदा त्यस्ता सूचिकृत संगठित संस्थाहरुले हकप्रद शेयर निष्काशन तथा फर्दर पब्लिक इस्यू मार्फत पूँजी बृद्धि गर्दा पूरा गर्नुपर्ने मापदण्डहरु तयार गरी हकप्रद शेयर निष्काशन कार्यलाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाउन नीतिगत व्यवस्था गर्न आवश्यक देखिएको परिप्रेक्ष्यमा प्रत्यक्ष नियमनकारी निकाय नभएको जलविद्युत लगायत अन्य क्षेत्रका कम्पनीहरुले हकप्रद शेयर निष्काशन तथा फर्दर पब्लिक इस्यू मार्फत पूँजी बृद्धि गर्दा पूरा गर्नुपर्ने मापदण्डहरु सिफारिश गर्न सरोकारवालाहरुको राय सुझाव समेत लिई एक महिना भित्र प्रतिबेदन पेश गर्ने गरी बोर्डले विज्ञहरु सहितको एक समिति गठन गरेको छ ।

उक्त समितिले प्रत्यक्ष नियमनकारी निकाय नभएको सूचिकृत संगठित संस्थाहरुले हकप्रद शेयर निष्काशन तथा फर्दर पब्लिक इस्यू मार्फत पूँजी बृद्धि गर्दा पूरा गर्नुपर्ने मापदण्डहरु सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था सिफारिश गर्ने हुँदा यस्ता सूचिकृत संगठित संस्थाहरु प्रति लगानीकर्ताको विश्वास बढ्न गई समग्र पुँजी बजारको समयानुकुल बिकास तथा विस्तार हुने जाने बोर्डको अपेक्षा रहेको छ ।

मिति : २०७३।०५।१४

(निरज गिरी)
प्रवक्ता


Post Box No. 9031, Jawalakhel, Lalitpur, Nepal